# श्री माछापुच्छ्रे बैंक लिमिटेड
# २०६४ फाल्गुण २९ गते बुधबारका दिन सम्पन्न भएको
# नवौं वार्षिक साधारण सभाको बिबरणहरु (माईन्यूट)

**१. बैधानिक सभा :**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको नवौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री सूर्य बहादुर के.सी.ज्यूको सभापतित्वमा तल उल्लेखित मिति समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०६४ साल फाल्गुण २९ गते बुधबार ( १२ फेब्रुवरी २००८)

स्थान : होटल फेवा प्रिन्स, पोखरा

समय : बिहान ११:३० बजे प्रारम्भ भै दिउँसो १:०० बजे सम्पन्न भयो ।

**३. सभाको सूचना प्रकाशन :**

(क) यस बैंकको मिति २०६४/१०/२४ गतेका दिन बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम नवौं बार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२), ७७(३) र दफा ८४(४), तथा बैंकको नियमावलीको नियम ४(३) बमोजिम २१ दिन अगावै मिति २०६४/१०/२७ गतेको नेपाल समाचारपत्र दैनिकमा र मिति २०६४/११/१५ गतेको अन्नपुर्ण पोष्ट दैनिकमा गरि २ पटक प्रकाशित गरिएको जानकारी कम्पनी सचिवद्वारा दिईयो ।

(ख) नवौं वार्षिक साधारण सभाको बैठक बस्ने बारेको सूचना, साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन लगायत आवश्यक विवरण, बासलात, नाफा - नोक्सान हिसाब र सोको अनुसूचीहरु, नगद प्रवाह विवरण र बैंक व्यवस्थापन समूह समेत समाबेश भएको बैंकको नवौं बार्षिक प्रतिवेदनको पुस्तिका सम्बन्धित शेयरधनीहरुको बैंकमा उपलब्ध व्यक्तिगत ठेगानामा पठाइएको कुरा कम्पनी सचिवले जानकारी दिनु भयो ।

(ग) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित भई दिनका लागि नेपाल राष्ट्र बैंक, केन्द्रिय कार्यालय तथा प्रतिनिधिको रुपमा उपस्थित भई दिनका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री धितोपत्र बोर्ड र श्री धितोपत्र बिनिमय बजार लिमिटेडलाई अनुरोध गरि पत्र पठाईएको कुरा कम्पनी सचिवले जानकारी दिनु भयो ।

(घ) साधारण सभामा उपस्थित भै दिनको लागि लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ, चार्टर्ड एकाउन्टेन्टलाई समेत अनुरोध गरिएको जानकारी गराईयो ।

**४. सभामा प्रस्तुत छलफलको बिषय सूची :**

१. संचालक समितिको बार्षिक प्रतिवेदन २०६३/६४ पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६४ आषाढ मसान्तको वासलात तथा मिति २०६३/४/१ देखि २०६४/३/३२ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफाारिस अनुसार आर्थिक बर्ष २०६४/६५ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । ( हाल बहालबाला लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ पुनः नियुक्त हुन सक्नु हुनेछ । )

४. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन गर्ने ।

५. बिशेष प्रस्तावहरु :

क) बैंकको बर्तमान अधिकृत पूँजी रु. १ अरब वाट बृद्धि गरी रु. २ अरब पुर्‍याउने ।

ख) संचालक समितिले सिफारिस गरे बमोजिम प्रति १० शेयर बराबर ६ शेयरका दरले हकप्रद शेयर जारी गरी बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने । (प्रस्तावित हकप्रद शेयर जारी गर्दा १ शेयर भन्दा कममा आउने भिन्न अंकको शेयरलाई पूर्ण अंकमा अर्थात १ शेयरमा परिणत गरी हकप्रद शेयर जारी गर्ने ।)

ग) बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्वन्धि प्रस्ताव पारित गर्ने ।

६. बिविध ।

**५. सभामा उपस्थिति (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम) :**

क) संचालकहरुको उपस्थिति :

| | | |
|---|---|---|
| (१) | श्री सूर्य बहादुर के.सी.अध्यक्ष | |
| (२) | श्रीमती गीता श्रेष्ठ | संचालक |
| (३) | श्री प्रकाश के.सी. | संचालक |
| (४) | श्री आजाद श्रेष्ठ | संचालक |
| (५) | श्री प्राणेश्वर पोखरेल | संचालक |
| (६) | श्री किशोर कुमार शाह | व्यवसायिक/स्वतन्त्र संचालक |

ख) आमन्त्रितहरुको उपस्थिति :

(१) श्री राजेश पौडेल, चार्टर्ड एकाउण्टेन्ट - प्रतिनिधि, लेखापरीक्षक ।

(२) सुदर्शन राज पाण्डे, चार्टर्ड एकाउण्टेन्ट- बित्तीय परामर्शदाता ।

| | | | |
|---|---|---|---|
| (३) | श्री चन्द्र मोहन गौचन | - | संस्थापक शेयरधनी तथा भुतपूर्व अध्यक्ष । |
| (४) | श्री कृष्ण बहादुर थापा | - | निर्वाचन अधिकृत । |
| (५) | श्री मुराहरी पराजुली | - | प्रतिनिधि, नेपाल धितोपत्र विनीमय बजार लिमिटेड |
| (६) | श्री योगेन्द्र प्रसाद श्रेष्ठ | - | संस्थापक शेयरधनी तथा भुतपूर्व लेखापरीक्षण समितिका संयोजक । |

(७) जगत मोहन गौचन - संस्थापक शेयरधनी तथा भुतपूर्व संचालक

(८) शान्त बहादुर गुरुङ्ग - संस्थापक शेयरधनी तथा भुतपूर्व संचालक

ग) पदाधिकारीहरुको उपस्थिति :

(१) श्री भाईकाजी श्रेष्ठ : प्रमुख कार्यकारी अधिकृत

(२) श्री बिजय बहादुर श्रेष्ठ : नायव महाप्रबन्धक

(३) श्री पृथ्वी श्रेष्ठ : प्रबन्धक, कर्जा बिभाग

(४) श्री अर्जुन थापा : प्रबन्धक, प्रधान कार्यालय, पोखरा

(५) श्री अनिल जोशी : प्रमुख, सूचना तथा प्रविधि बिभाग

(६) श्री बिनोद कुमार सिंह : प्रमुख, प्रशासन तथा मानव संशाधन बिकास बिभाग

(७) श्री गोबिन्द प्रसाद शर्मा : प्रमुख, वित्त तथा योजना बिभाग तथा कम्पनी सचिव

(८) श्री दिपेन्द्र श्रेष्ठ : प्रमुख, आन्तरीक लेखापरीक्षण बिभाग

घ) शेयरधनीहरुको उपस्थिति :

(१) बिक्री भएको शेयर (संख्यामा) : ८२,१६,५१३

(२) कूल शेयरधनी संख्या : ११,२०३

(३) स्वयं उपस्थित २२१ जना शेयरधनीबाट प्रतिनिधित्व भएको शेयर संख्या : ४२,४६,६९७

(४) प्रतिनिधिद्वारा २४७ जना शेयरधनीको प्रतिनिधित्व भएको शेयर संख्या : १६,५४,९३१

(५) जम्मा उपस्थित शेयरधनी संख्या : ४६८ जना

(६) जम्मा उपस्थित शेयरधनीद्वारा प्रतिनिधित्व भएको शेयर संख्या: ५९,०१,६२८

(७) जम्मा शेयर संख्याको प्रतिनिधित्व (प्रतिशतमा) : ७१.८० प्रतिशत

**६. सभाको गणपुरक संख्या :**

| कुल शेयर संख्या | कुल शेयरधनी | स्वयं उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | कुल उपस्थित प्रतिशत |
|---|---|---|---|---|
| ८२,१६,५१३ | ११,२०३ | २२१ | ४६८ | ७१.८० |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु मतदान गर्न योग्य थिए ।

**७. सभाको वैधानिकता :**

क) साधारण सभा शुरु हुनु अघि सभामा उपस्थित शेयरधनीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई कम्पनी सचिवले बैंक तथा आफ्नो तर्फबाट स्वागत अभिवादन गर्दै कम्पनी ऐन, २०६३ र बैंकको नियमावली तथा प्रचलित कानुन बमोजिम बैंकको नवौं बार्षिक साधारण सभा बोलाईएको जानकारी गराउनु भयो ।

ख) सभा संचालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ र यस बैंकको नियमावलीको नियम ५ बमोजिम साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित ऐन कानुन बमोजिम सभा बैधानिक रहेको जानकारी कम्पनी सचिवले सभामा दिनु भयो ।

ग) तत्पश्चात, कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार आवश्यक सूचनाहरु पठाईएको र गणपुरक संख्या पनि पुगेको हुँदा सभा रीतपूर्वक बोलाईएकोले सभा गर्न मन्जूर गर्दै पूर्व सूचित सभाको निर्धारित बिषय सूची उपर छलफल गर्न मन्जूर गरियो ।

**८. सभाको सभापतित्व र सभा संचालन :**

सभाको बैधानिकता एकिन भए पछि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र बैंकको नियमावलीको नियम ६(१) बमोजिम बैंकको सञ्चालक समितिका अध्यक्ष श्री सूर्य बहादुर के.सी.ज्यूलाई बैंकको यस नवौं बार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो ।

**९. सभा संचालन र संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदनको प्रस्तुति :**

९.१ संचालक समितिका अध्यक्षज्यूले बैंकको यस नवौं बार्षिक साधारण सभामा उपस्थित भै सभाको सभापतित्व गर्न पाएकोमा खुशी ब्यक्त गर्नु भयो र उपस्थित शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नु भयो । त्यस पछि सभापतिज्यूले सभाको कार्यक्रम अघि बढाउने क्रममा बैंकको संचालक समितिको तर्फबाट बार्षिक प्रतिवेदन २०६३/६४ साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.२ सभा समक्ष प्रतिवेदन प्रस्तुत भए पछि सभापतिज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको २०६४ आषाढ मसान्तको बासलात र आर्थिक बर्ष २०६३/६४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१०. छलफलको लागि आव्हान :**

१०.१ साधारण सभामा शेयरधनीहरुले निर्धारित बिषय सूचि उपर छलफल गर्न सक्ने कम्पनी ऐन, २०६३ को दफा ७४ मा ब्यवस्था भए अनुरुप सभापतिद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण समेतमा छलफलको लागि मन्तब्य, बिचार, जिज्ञासा तथा सुझाब राख्न चाहने शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नुभयो ।

१०.२ छलफलमा सहभागी हुने शेयरधनीहरु :

छलफलका लागि सभापतिज्यूले आमन्त्रण गर्नु भए अनुसार सभामा चार जना शेयरधनीहरुले बैंकको काम कारबाही, बार्षिक हरहिसाब तथा बार्षिक प्रतिवेदन सम्बन्धमा आफ्नो मन्तब्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो । वक्ता शेयरधनीहरुको नामावली निम्नानुसार रहेको छ :-

१. श्री अम्बर तुलाचन

२. श्री बसन्त राज अधिकारी

३. श्री नारायण सुन्दर श्रेष्ठ

४. श्री बिष्णु प्रसाद बराल

**११. शेयरधनीहरुबाट व्यक्त गरिएका मन्तब्यको संक्षिप्त विवरण :**

छलफलको क्रममा सहभागि हुने शेयरधनी महानुभावले पेश गर्नु भएको मन्तव्यको मुख्य मुख्य बुँदाहरुको साराँश देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**११.१ श्री अम्बर तुलाचन :**

क) नेपालमा बित्तीय संस्था फस्टाएको तथा प्रतिस्पर्धि जमानामा यहाँको प्रतिबेदनवाट बैंकको Performance त्यति सन्तोशजनक रहेन । बैंकले आगामी बर्षमा ६० प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रस्ताब गरेतापनि बैंक संचालक समितिले सिफारिस गरेबमोजिम १० प्रतिशत बोनस शेयर प्रस्ताब गरेकोमा नेपाल राष्ट्र बैंकवाट स्वीकृति प्राप्त हुन नसक्नुले पनि यसलाई प्रष्टाएको छ भन्ने बिचार व्यक्त ।

ख) गत बर्षको यहाँको प्रतिबेदन अनुसार बैंकको पूँजी १ अरब भन्दा बढि बनाउनु पर्ने छैन भनिए तापनि यो रकम यस बर्ष २ अरब पुगेको छ । यसरी बढ्ने क्रम आगामी दिनमा पनि रहने छ । यो अवस्थामा सर्बसाधारण शेयरधनीले लाभांश पाउने कहिले हो भन्ने जिज्ञासा व्यक्त ।

ग) बैंकको निक्षेप रु. ९ अरब र कर्जा लगानी रु. ७ अरब रहेको देखिन्छ । फरक रकम रु. २ अरब तरलता रहेको देखिन्छ । यति धेरै तरलता रहनु भनेको बैंकको लागि बढि हो र यो फाईदाजनक होईन भन्ने सुझाब ।

घ) बैंकले शाखा खोल्नु राम्रो कुरा हो । Prime ठाउँमा जग्गा किन्नु भएछ । बाग्लुङ्ग तथा दमौलीमा जग्गा खरिद गर्नु भएछ । अब ती स्थानहरुमा भवन निर्माण को कार्यक्रम रहेको प्रतिबेदन बाट जानकारी भयो । यसरी बैंकले आफ्नो कुल पूँजीको २० प्रतिशत रकम जग्गामा प्रयोग गरेको पाईयो । अन्य थप शाखा खोल्ने वारे पनि जानकारी भयो । त्यहाँ पनि जग्गा खरिद गर्ने होला । जबकी अन्य बैंकहरुले आफ्नो प्रधान कार्यालयमा बाहेक शाखाहरुका लागि जग्गा खरिद गरेको पाईदैन । त्यस्तै, यस बैंकका समकक्षीहरुले शतप्रतिशत सम्म लाभांश बितरण गरिसकेको अवस्थामा यस बैंकले कहिले लाभांश दिने हो भन्ने बिचार व्यक्त ।

ङ) बैंकका कर्मचारीको तालिममा खर्च गर्नु राम्रो हो । तर अहिलेको समयमा एक बैंक वाट अर्को बैंकमा जनशक्ती पलायनको अवस्थामा यस बैंकका कर्मचारीहरुले पनि बैंक छोडेको प्रतिबेदनमा उल्लेख रहेकोले यस सन्दर्भमा बैंकले के कस्तो कार्य योजना बनाएको छ भन्ने बिचार व्यक्त ।

च) बैंकले गत बर्षसम्म पौष मसान्तमा साधारण सभा सम्पन्न गर्ने गरेकोमा यस बर्ष फाल्गुणमा मात्र साधारण सभा गरेको छ । जसले गर्दा बैंकले प्रस्ताब गरेको हकप्रद शेयर जारी पश्चात प्राप्त हुने पूँजीको प्रयोग समेत यस आर्थिक बर्षमा

हुन सक्ने देखिएन । तसर्थ यस तर्फ पनि बैंक बिशेष सजग हुनु पऱ्यो भन्ने बिचार व्यक्त ।

छ) बैंकको सर्बसाधारण शेयरधनी तर्फका एक जना संचालकको पदावधि पौषमा सकिएको र बैंक संचालक समितिले निजलाई नै बाँकि अवधिका लागि पदाबधि थप गरेको तथा बैंकवाट प्रदान भएका भत्ता तथा सुबिधाका सन्दर्भमा सोको अनुमोदनका लागि प्रस्ताब गर्नुको कुनै अर्थ नरहेको बिचार व्यक्त ।

ज) बैंकले यस आर्थिक बर्षमा निक्षेप संकलनमा मुद्यती निक्षेप भन्दा बचत निक्षेपमा बढि जोड दिएको देखिन्छ । जबकी बचत निक्षेप कुनै पनि बेला मा झिक्न मिल्ने तर मुद्यती निक्षेपमा निश्चित अवधि तोकिएको हुने हुँदा यस्तो निक्षेप संकलनले बैंकलाई स्थिर रकम प्राप्त हुने हुँदा मुद्यती निक्षेप संकलनमा जोड दिन सुझाव दिएको ।

**११.२ श्री बसन्त राज अधिकारी :**

क) माछापुच्छ्रे बैंकले पुर्वमा ईटहरी देखि पश्चिममा बुटवल सम्म आफ्नो शाखा बिस्तार गरि सेवा दिदै आएको भएतापनि बैंकको साधारण सभामा शेयरधनीहरुको उपस्थिति निकै न्यून देखिएको ।

ख) बैंकले ८-१० लाख खर्च गरेर साधारण सभा सम्पन्न गर्ने हुन्छ । तर उक्त सभामा भाग लिन आउने शेयरधनीका लागि तयार पारिएको प्रतिवेदन समयमा प्राप्त हुन सकेन । प्रतिबेदन वितरणमा उचित व्यवस्थापन हुन नसकेको ।

ग) यस बैंक र नेपाल राष्ट्र बैंक बिचको दुरी बढेर हो वा किन हो बैंकले पौष मसान्त भित्रमा गर्नु पर्ने साधारण सभा किन फाल्गुणमा पुगेको हो ।

घ) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले प्रवाह गरेको कर्जामा जोखिम वापतको व्यवस्था थप गर्नु पर्नाको कारण के हो । बैंकले कर्जा लगानी गरेर असुली गर्न नसकेको जस्तो देखिन्छ । यस्तो अवस्था रहि रहने हो भने सर्वसाधारण शेयरधनीलाई बोनश शेयर तथा नगद लाभांश कहिले दिन सकिने हो ।

ङ) यस बैंक सँगै वा यस भन्दा पछि खुलेका बैंकहरुले प्रत्येक बर्ष आफ्नो नाफामा बृद्धि गर्दै गै रहेको अवस्थामा यस बैंकको नाफा गत बर्ष भन्दा कम हुनु को कारण के हो र किन नाफामा निरन्तरता दिन नसकेको हो ।

च) बैंकको मुनाफा प्रतिबेदनमा उल्लेख रहेको तर शाखाहरु बिस्तार सँगै शाखागत नाफा नोक्सान हिसाब पनि प्रतिबेदनमा उल्लेख भए शेयरधनी हरुले पनि सोको जानकारी पाउन सक्ने भएकोले आगामी प्रतिवेदनमा शाखागत विवरण समेत उल्लेख गर्न सुझाव व्यक्त ।

छ) बैंकको शाखा कार्यालय निर्माणको लागि खरिद गरिएको बाग्लुङ्गको जग्गामा बिक्री सम्वन्धि बोर्ड राखिएको देखिन्छ । बैंकको प्रयोजनका लागि खरिद गरिएको जग्गा पुनः किन बिक्री गर्नु परेको हो ।

ज) यस बैंकले ग्रामिण क्षेत्रमा पनि कर्जा लगानी गरेको भएतापनि उक्त कर्जा असुलीका लागि कुनै प्रयास नगरेकोले माछ्छापुच्छ्रे बैंक वाट लिएको कर्जा तिर्नु पर्दैन भन्ने सुनिन्छ। किन असुली प्रकृयामा नलागेको हो।

झ) बैंकमा तरलता धेरै भएतापनि ऋण लिएको देखिन्छ तर उक्त ऋण कहाँवाट र किन लिएको हो भन्ने जानकारी पाइएन।

ञ) बैंकको संचालक समितिमा गत बर्ष एकाघरका ३ जना सदस्य रहेकोमा यस बर्ष २ जना मात्र हुनु राम्रो कुरा हो। र आगामी बर्षमा १ जना मात्र रहने व्यवस्था हुनु पर्‍यो। त्यस्तै, पदपूर्ति समितिमा पनि एकाघरका २ जना सदस्य रहेको पाईयो। त्यसमा पनि १ जना मात्रै हुनु पर्‍यो।

ट) बैंकले कर्मचारी नियुक्त गर्दा पत्र पत्रिकामा आव्हान गरेर पारदर्शी तरिकाले सक्षम जनशक्ती लिने व्यवस्था गर्नु पर्‍यो।

**११.३ श्री नारायण सुन्दर श्रेष्ठ :**

क) बैंकले प्रतिवेदन तथा वासलात बनाउन नजानेको होकि भन्ने लागेको छ। यस सभामा पेश हुनु पर्ने संचालक समितिको प्रतिवेदनको सट्टा अध्यक्षको मन्तव्य भनी छुट्टै बनाईएको प्रतिबेदन मात्र सुनाईयो। संचालक समितिको प्रतिबेदन सुनाइएन।

ख) अध्यक्षज्यूको प्रतिवेदनमा राजनैतिक कारणले गर्दा बैंक फस्टाउन नसकेको जानकारी गराएतापनि वास्तविक स्थिति त्यस्तो नरहेको कुरा बित्तीय संस्थाहरुका संख्या बढ्दै गएको र सबै बैंकहरुले कम्तीमा १० प्रतिशत बोनस वितरण गरिरहेको अवस्थाले प्रष्टाउँछ। तर यस बैंकले मात्र बोनस दिन नसक्नु को कारण के हो थाहा भएन।

ग) नेपाल राष्ट्र बैंकले दिएको निर्देशनअनुसारको रु. १२ करोड लाई नाफामा समायोजन गर्दा यस्को VALUE शुन्य हन जान्छ। तैपनि यहि वासलातको विवरण अनुसार यस बैंकको स्थिति के रहेछ भन्ने देखाउने इच्छा व्यक्त।

घ) यस बैंकको लेखापरिक्षण समिति जसलाई नेपाल राष्ट्र बैंकले समेत Suprem Power दिएको छ। यस समितिले संचालक समितिले गरेको काम कारवाहि भन्दा पनि अघि गएर सबै परिक्षण गर्न सक्ने हुन्छ। तैपनि बैंकको वासलातमा नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुसार नोक्सानी व्यवस्थामा नपुग रु १२ करोड थप गर्नु पर्ने भएतापनि यसरी नमिलेको वासलात लाई मिलाउने तर्फ लेखा परिक्षण समिति अग्रसर हुन सकेको देखिएन।

ङ) बैंकवाट प्राप्त हुनु पर्ने प्रतिफलको वारेमा कुरा गर्दा बैंकले खर्चहरु थप्दै जाने तर सो अनुसारको आम्दानी हुन नसकेको अवस्थामा खर्च नियन्त्रण हुनु पर्ने देखिन्छ। अन्यथा यस बैंकले हामी शेयरधनीलाई केहि देला जस्तो लाग्दैन। दिएपनि कागज देला बोनश शेयरको रुपमा तर नगद दिन सक्दैन। यस्तो बोनश शेयर खास गरि संस्थापकहरुलाई बढि मर्का पर्ने हुन्छ।

च) प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारी हरुलाई भुक्तानी गरेको १ करोड ५५ लाख खर्च गरेको कम्पनीले शेयरधनीहरुलाई केहि दिन सकेन।

छ) शेयर पूँजी, निक्षेप दायित्व, कर्जा तथा सापट आदि बृद्धि गरेको छ । तर पनि किन लाभांश दिन नसकेको हो बुझ्न सकिएन । भुक्तानी दिन बाँकि लाभांश भनी रकम देखाईएको छ तर यसै प्रतिवेदनमा भुक्तानी दिन बाँकि लाभांश नरहेको भनीएको छ यस सम्वन्धमा पनि प्रष्ट पारिदिन आग्रह ।

ज) बैंकको आम्दानी तथा खर्च तर्फ हेर्दा बैंकले यस आर्थिक बर्ष कुल आम्दानी रु. ८५ करोड ५५ लाख गरेको छ । यत्रो आम्दानी गरेको बैंकको खुद नाफा जम्मा ७ कारेड ४० लाख देखाएर १० प्रतिशत बोनश शेयर दिन्छौं भनेकोमा त्यो पनि हराईसकेको अवस्था छ ।

झ) संभावित नोक्सानी व्यवस्था रु. ४ करोड ८१ लाख जुन गत बर्षको नाफावाट घटाईएको थियो लाई यस बर्षको आम्दानीमा नराख्ने हो भने यस बर्षको नाफा मात्र २ करोड ४९ लाख मात्र हो । तर यस्मा नेपाल राष्ट्र बैंकले थप गर्न भनेको नोक्सानी व्यवस्था वापतको नपुग रकम रु. १२ करोड थप गर्नु पर्ने भएकोले वोनश वितरण गर्न नपाउने भएको छ ।

ञ) यस प्रतिबेदनमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार को रकम समायोजन गर्दा बैंकको नाफा ३२ लाख मात्र रहने भन्ने उल्लेख छ तर बास्तविक रकम भनेको ४ लाख ८ हजार मात्र यस बर्षको नाफा हो । जसवाट जगेडा कोषमा रकम छुट्टाउँदा यस बर्ष को नाफा शुन्य हुन जान्छ ।

ट) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार पूँजी बृद्धि गर्नु पर्ने रहेकोले पूँजी बृद्धिलाई सहज रुपमा लिएको तर उक्त पूँजी को प्रयोग कसरी गरेर नाफामा बृद्धि गर्ने भन्ने वारे कार्य योजनाको जानकारी गराउनका लागि अनुरोध ।

ठ) बैंकको बलियो सुत्रधार भनेको जगेडा कोष हो । तर यस बैंकको जगेडा कोष तर्फ कुनै रकम रहेको देखिदैन । बैंकलाई बलियो र बिश्वाशिलो बनाउनका लागि पनि जगेडा कोष को व्यवस्था गर्नु पर्ने सुझाव व्यक्त ।

ड) कर्जा तर्फ आफ्नै मुद्यती निक्षेपमा भएको कर्जा लगानीमा बढि जोड दिएको देखिन्छ । अन्य क्षेत्रमा पनि लगानी गर्नु पर्ने सुझाव ।

ढ) कर्मचारीका लागि भएको खर्च अनुसारको आम्दानी भएको पाईएन । कर्मचारी खर्चमा बृद्धि हुनुमा आपत्ति होईन तर सोहि अनुसार नाफा पनि बढाउन तर्फ लाग्नु पर्‍यो भन्ने सुझाव ।

ण) कर्मचारीलाई तालिम दिएर सक्षम बनाउने भन्ने कुरा प्रतिवेदनमा उल्लेख रहेको भएतापनि अहिलेको अवस्थामा कर्मचारीलाई तालिम दिएर त्यस्मा खर्च गर्दा अहिलेको प्रतिस्पर्धि जमानामा अर्को संस्थाले यहाँ पाएको भन्दा बढि सुबिधा दिएर लैजाने हुन्छ । त्यसैले तालिममा खर्च गर्नु बेकार छ । बरु कर्मचारीलाई बढि तलब तथा सुबिधा दिएर राख्नु पर्ने हुन्छ।

११.४ **श्री बिष्णु प्रसाद बराल** (लिखित रुपमा जिज्ञासा राख्नु भएको):

क) अनुसूची २८ को ३ मा असुली हुन नसक्ने कर्जाको अपलेखन रु. १,४३,१९,०६१/- कुन कुन कस्ता कर्जाको अपलेखन भएको हो । कृपया बिस्तृत विवरणको आधारमा जवाफ पाउँ ।

१२. **सभापतिज्यूले दिनु भएको जवाफहरु :**

छलफलको क्रममा सहभागि शेयरधनी महानुभावको मन्तब्य, जिज्ञासा तथा सुझाबहरु सम्बन्धमा सभाका सभापतिज्यूले दिनु भएको जवाफ तथा प्रष्टिकरणहरुलाई सारांशमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

(क) शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनु भै जिज्ञासा तथा गहकिलो सुझावहरु प्रस्तुत गरिदिनु भएकोमा सभापतिज्यूले धन्यबाद ब्यक्त गर्नु भयो ।

(ख) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले खराब कर्जा अन्तर्गत बर्गीकरण गरेको कर्जा ५ बर्ष भित्रमा असुल हुन नसकेमा त्यस्ता कर्जालाई बैंकले आफ्नो किताबबाट अनिबार्य अपलेखन गर्नु पर्ने भएकोले सोहि निर्देशन बमोजिम यस बर्ष बैंकले रु. १ करोड ४३ लाख १९ हजार लाई अपलेखन गरेको हो । किताबीरुपमा कर्जा अपलेखन गरिएता पनि असुली प्रकृया कायमै रहने हुन्छ । बैंकले यस बर्ष अपलेखन गरेको उक्त कर्जा असुली सम्वन्धमा कर्जा असुली न्यायाधिकरणमा मुद्दा दायर भै बैंकको पक्षमा फैसला भैसकेको छ र न्यायाधिकरणले असुली कारवाहीलाई अघि बढाउँदै गरेको जानकारी प्राप्त भएको छ ।

(ग) बैंकबाट प्रवाहित कर्जा को लागि नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रहि कर्जा बर्गिकरण गरिएको र सोहि अनुसार आवश्यक कर्जा जोखिम व्यवस्था समेत गरेको छ । जसलाई बैंकका लेखापरीक्षकबाट समेत स्वीकृति प्राप्त भएकोले बैंकले गरेको जोखिम वापतको व्यवस्था पर्याप्त रहेको जानकारी गराउन चाहन्छौ । तथापि, नेपाल राष्ट्र बैंकले वासलात स्वीकृति दिंदा बैंकले कायम गरेको जोखिम सम्वन्धी व्यवस्थाको अलावा नेपाल राष्ट्र बैंकले ईंगित गरेको ब्यबस्थामा थप गर्नु पर्ने कारण देखाई बोनस शेयर बितरणमा रोक लगाएको कारणले यसपाली बोनस शेयर जारी गर्न नसकिएको हो । अहिले त्यस्ता कर्जाहरुको स्थितिमा सुधार आई सकेको छ र सो कुरा बैंकको २०६४ पौषमा प्रकाशित बित्तिय स्थितिमा स्पष्ट छ ।

(घ) बैंक संचालक समितिले बैंकको लेखापरीक्षकको प्रतिवेदन अनुसार शेयरधनीलाई बोनस शेयर बितरण गर्न प्रस्ताव गरेता पनि नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त नभएकोले यस बर्ष शेयरधनी महानुभावहरुलाई बैंकले चाहेर पनि बोनस शेयर बितरण गर्न सकिएन ।

(ङ) बैंकले यस बर्षको वासलातमा उक्त रकम प्रस्ताबित बोनस शेयर अन्तर्गत रहेता पनि चालु आर्थिक बर्ष २०६४/६५ मा उक्त रकम हिसाब मिलान गरि संचित नाफा नोक्सान हिसाबमा सारिने छ ।

(च) नेपाल राष्ट्र बैंक वाट कर्जा सापटि लिएको देखाईएको रकम पुनरकर्जा अन्तर्गतको हो । अन्तर बैंक कर्जा अन्तर्गत देखाईएको सापटि रकम कारोवारको सिलसिलामा यस बैंकको खाता ओभरड्रन देखिएको रकम मात्र हो । वास्तविकरुपमा खाता ओभरड्रन भएको होईन र कारोबारको क्रममा यो नियमित रुपमा भैरहने प्रकृया हो ।

(छ) नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कायम गर्नु पर्ने तरलता वापतको रकम रहेको हुन्छ । त्यस बाहेक नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा जोखिमको भार शून्य प्रतिशत रहने हुँदा आषाढ मसान्तमा अन्य बैंक तथा बित्तीय संस्थाहरुमा रहने मौंज्दात नेपाल राष्ट्र बैंकमा रहेको खातामा रकमान्तर गरिएको हुनाले असार मसान्तको दिन नगद तथा बैंक मौज्दात रकम बढि देखिन गएको हो ।

(ज) त्यसैगरी, असार मसान्तको दिन नेपाल राष्ट्र बैंकको कारोवार बन्द हुने भएकोले बैंकका ग्राहकहरुले बैंकलाई तिर्नु पर्ने सावाँ तथा व्याजको रकम नगदै बुझाउन ल्याउने हुनाले समेत सो दिन बैंकमा रहने नगद मौज्दात बढि देखिन जान्छ ।

(झ) आर्थिक बर्षको अन्तमा कर्जाको साँवा र ब्याज जम्मा हुन आउने र सामान्यतः सो समयमा नयाँ कर्जा प्रवाह पनि नगरिने भएकोले यस्तो अबस्था बैंकमा केही बढि तरलता हुनु सामान्य नै हो । अरु समयमा यस्तो तरलता रहदैन र बैंकले आबश्यक भन्दा बढि रकम मौज्दात राखेर बित्तिय श्रोतलाई खेर जान दिने कुरै रहदैन ।

(ञ) बैंकको खुद मुनाफामा कमी आउनुको प्रमुख कारण नेपाल राष्ट्र बैंकको निर्देशानुसार कर्जाको लागी थप व्यवस्था गर्नु परेको कारण रहेको छ ।

(ट) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकको पूँजी आर्थिक बर्ष २०६९/७० सम्ममा रु. २ अरब पुऱ्याउनु पर्ने भएको र हकप्रद शेयर बारम्बार जारी गर्दा बैंकको शेयर निष्काशन खर्चमा बृद्धि हुन गई बैंकको मुनाफामा समेत असर गर्ने हुनाले यस पटक ६० प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रस्ताब गरिएको हो । यसबाट बैंकको चुक्ता पूँजी रु. १ अरब ३२ करोड पुग्ने छ । नपुग आवश्यक शेयर पूँजी आगामी बर्षहरुमा बैंकको नाफाबाट बोनश शेयर समेत जारी गरी पूरा गर्ने लक्ष्य लिईएको छ ।

(ठ) विगत केही वर्ष देखि भाडामा रहँदै आएको महेन्द्रपुल तथा दमौली शाखाको कारोवारमा उल्लेखनीय बृद्धि भएको तथ्य यहांहरु सवैलाई अवगत भएकै विषय हो । आदरणीय ग्राहकहरुको माया एवं सदभावनामा हुर्केको यस बैंकका सबै शाखाहरुबाट गुणस्तरयुक्त सरल, छिटो छरितो एवं भरपर्दो सेवा सुविधाशरु प्रदान गर्नु अत्यावश्यक छ । अन्यथा हालको अत्यन्त प्रतिस्पर्धात्मक बजारमा ग्राहकहरुको अविरल माया ममता टुट्न जाने संभावना रहन्छ । कारोवारमा भएको उल्लेखनीय बृद्धिलाई धान्न आबश्यक स्थानाभावको कारण र सँधै भाडामा बस्नु भन्दा आफ्नै घर जग्गा भएमा बैंकको छवि पनि राम्रो हुने तथा सम्पत्तिको पनि मूल्यमा समेत बृद्धि हुन जान्छ । आदरणीय शेयरधनी महानुभावहरुले बिगतका साधारण सभामा बैंकको आफ्नै घर भए बेश हुने भन्ने जस्ता बिचारहरु पनि आएकोले शेयरधनी महानुभावहरुको सो भावनाको समेत कदर गर्दै बैंकले महेन्द्रपुल, (चिप्लेढुंगा) तथा दमौलीमा जग्गा खरिद गरी बैंले आफनै भवन बनाउन निर्णय गरेको हो । साथै, बैंकले जोमसोम शाखा वसेको घर पनि आफैले खरिद गर्ने निर्णय गरिसकेको छ भने भैरहवामा पनि जग्गा खरिद गर्न संभावित जग्गा धनीहरुसंग मुल्यमा कुराकानी (negotiation) हुंदैछ ।

(ड) अर्को तर्फ प्रस्तावित वागलुङ्ग शाखाको लागि खरिद गरिएको जग्गा बिक्री गर्न नभै सो जग्गामा यसै बर्ष भवन निमार्णको थालनी हुनेछ । काठमाण्डौमा गत वर्ष खरिद गरिएको जग्गामा भवन निर्माण गर्न अझै केही वर्ष लाग्ने संभावना रहेको छ । बैंकको पूतलीसडक शाखा तथा कर्पोरेट कार्यालयलाई एकदम स्थानाभाव भै बिभागहरुलाई वरिपरिका २ वटा छुट्टै घरहरुमा राखिएको छ । बिभागहरुले एक अर्कासंग समन्वय गरेर काम गर्नु पर्ने हुन्छ । छुट्टाछुट्टै बसेर काम गर्दा समय र खर्च दुबैमा बृद्धि हुनुको साथै सेवाग्राहीले गुणस्तरयुक्त छिटो छरितो र भरपर्दो सेवा प्राप्त गर्न नसकिरहेको अबस्था बिद्यमान छ ।

(ढ) बैंकले किनेको थापाथली स्थित जग्गामा भवन बनाउन निकै समय लाग्ने देखिएको र सो जग्गाको मूल्यमा अत्यधिक रुपमा बृद्धि भएकोले बैंकको लागि उपयूक्त हुने खालको आधुनिक भवन मिल्ने भएमा भवन नै खरिद गर्ने र थापाथली स्थित बैंकको जग्गा बिक्री गर्ने तर्फ सोंच बनाएको व्यहोरा पनि आदरणीय शेयरधनी महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।

(ण) एउटै परिवारको २ जना संचालक रहेको भन्ने सन्दर्भमा छुट्टि भिन्द भै बसेको व्यक्तिहरु भएकोले एकाघरको नभएको जानकारी दिनु भयो ।

(त) बैंकका कर्मचारीहरुने बैंकको मेरुदण्ड भएकोले निजहरुको उत्पादकत्वमा बृद्धि गर्न आवश्यक तालिम प्रदान गरी समुचित उपयोग गर्नु पर्ने हुन्छ र बैंक छाडी जानेले गर्दा तालिम प्रदान गर्ने नीतिलाई छाड्न नहुने हुन्छ ।

(थ) नयाँ कर्मचारीको नियुक्तीहरु बैंकको कर्मचारी सेवा, शर्त तथा सुबिधा सम्वन्धि बिनियमावली, २०६३ बमोजिम गठित पदपूर्ति समितिवाट हुने गरेको छ । बैंकले आवश्यकतानुसार बिज्ञापन मार्फत पनि नियुक्ती गर्ने गरेको छ ।

## १३. सभाका प्रस्ताव एवं निर्णयहरु :

सभापतिज्यूले जवाफ दिने क्रम सकिए पछि छलफलको बिषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय बमोजिम निर्णय भयो ।

### १३.१ संचालक समितिको बार्षिक प्रतिवेदन २०६३/६४ पारित गर्ने ।

सभाको निर्धारित बिषय सूची नं. १ मा रहेको नवौं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको बार्षिक प्रतिवेदन २०६३/६४ उपर विस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापतिज्यूले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

### १३.२ लेखापरीक्षकको प्रतिवेदन सहित २०६४ आषाढ मसान्तको वासलात तथा मिति २०६३/४/१ देखि २०६४/३/३२ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।

सभाको निर्धारित बिषय सूची नं. २ मा रहेको लेखापरीक्षकको प्रतिवेदन सहित २०६४ आषाढ ३२ गतेको बासलात, आ.व. २०६३/६४ को नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह बिवरण र सो को अनुसूचीहरु समेत उपर बिस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापतिज्यूले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

### १३.३ आ. ब. २०६४/६५ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

सभाको निर्धारित बिषय सूची नं. ३ मा रहेको आर्थिक बर्ष २०६४/६५ को लागि लेखापरीक्षकको नियुक्ति अनुमोदन गरिदिन र पारिश्रामिक निर्धारण गरि दिन सभापतिज्यूले सभा समक्ष आग्रह गर्नु भयो । साथै, वहाँले बैंकको वर्तमान लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ, चार्टर्ड एकाउण्टेन्ट, पि.एल. श्रेष्ठ एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट्स्, कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्त हुन योग्य रहनु भएको ब्यहोरा पनि सभालाई जानकारी गराउनु भयो ।

साथै, निजलाई गत आर्थिक बर्षमा लेखापरीक्षण शुल्क वापत रु. ८५,०००/- (मुल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गरिएको र यस आर्थिक बर्षमा बैंकको शाखाहरुको संख्या र काम कारबाहीमा पनि बृद्धि भएकोले लेखापरीक्षण शुल्कमा केही बृद्धि गर्नु मनासिव हुने ब्यहोरा पनि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

आ.व. २०६४/६५ को बैंकको हरहिसाब लेखापरीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा १६५ को उपदफा १(घ) बमोजिम बैंकको लेखापरीक्षण समितिले लेखापरीक्षकको नाम र

पारिश्रमिक निर्धारण गरी अनुमोदनको लागि साधारण सभामा पेश गर्नु पर्ने हुनाले आ.व. २०६४/६५ को बैंकको हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिस गरेको लेखापरीक्षकको नाम र पारिश्रमिक सभा समक्ष अनुमोदनको लागि प्रस्तुत गरिदिन हुन लेखापरीक्षण समितिका संयोजक तथा बैंकका संचालक श्री प्राणेश्वर पोखरेलज्यूलाई सभापतिज्यूले अनुरोध गर्नु भयो र सो प्रस्तावलाई अनुमोदन गरिदिनु हुन समेत सभालाई आग्रह गर्नु भयो ।

बैंकको लेखापरीक्षण समितिका संयोजक तथा बैंकका संचालक श्री प्राणेश्वर पोखरेलज्यूले लेखापरीक्षण समितिको मिति २०६४ माघ २० गते बसेको ३५औं बैठकको निर्णय बमोजिम बैंकको आ.व. २०६४/६५ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ, चार्टर्ड एकाउण्टेण्ट, पि.एल. श्रेष्ठ एण्ड कम्पनीलाई नै पुनः नियुक्त गर्ने सिफारिस गरिएको कुरा सभालाई जानकारी गराउनु भयो । साथै, बैंकको शाखाहरुको संख्या र कारोबारको परिमाणमा समेत निकै बृद्धि भएकोले लेखापरीक्षण शुल्क वापत रु. १,००,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव गरियो ।

सभाले प्रस्तुत प्रस्ताव बमोजिम नै गर्ने गरी बैंकको आ.व. २०६४/६५ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ, चार्टर्ड एकाउण्टेन्ट, पि.एल. श्रेष्ठ एण्ड कम्पनी लाई नै पुनः नियुक्त गर्ने र निजलाई आर्थिक बर्ष २०६४/६५ मा लेखापरीक्षण शुल्क वापत रु. १,००,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

त्यसपछि सभाका सभापतिज्यूले सभाको निर्धारित बिषय सूची नं. ४ मा उल्लेखित सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन सम्बन्धी प्रस्तावको सम्बन्धमा बिषय सूची नं. ५ मा उल्लेखित बिशेष प्रस्तावहरु पछि निर्वाचन अधिकृतले सभा समक्ष प्रस्तुत गर्नु हुने जानकारी गराउनु भयो ।

**१३.४ बिशेष प्रस्तावहरु ।**

(१) सभाको निर्धारित बिषय सूची नं. ५ मा उल्लेखित निम्न तिन बिशेष प्रस्तावहरु सभापतिज्यूले निर्णयको लागि सभा समक्ष प्रस्तुत गर्नु भयो ।

(क) बैंकको बर्तमान अधिकृत पूँजी रु. १ अरब वाट बृद्धि गरी रु. २ अरब पु¥याउने ।

(ख) संचालक समितिले सिफारिस गरे बमोजिम प्रति १० शेयर बराबर ६ शेयरका दरले हकप्रद शेयर जारी गरी बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने । (प्रस्ताबित हकप्रद शेयर जारी गर्दा १ शेयर भन्दा कममा आउने भिन्न अंकको शेयरलाई पूर्ण अंकमा अर्थात १ शेयरमा परिणत गरी हकप्रद शेयर जारी गर्ने ।)

(ग) बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्वन्धि प्रस्ताव पारित गर्ने ।

(२) सभापतिज्यूले माथि उल्लेखित बिशेष प्रस्तावहरु पारित गर्न तथा प्रस्ताबित संचालक समितिको भत्ता तथा सुबिधाहरु सातौ साधारण सभावाट पारित भै बैंकको नियमावलीमा “बैंकको बित्तीय व्यवस्थापन कार्यबिधिमा उल्लेख भए बमोजिम हुनेछ” भन्ने उल्लेख गरिए बमोजिम बैंकको बित्तीय व्यवस्थापन

कार्यबिधि बमोजिम भुक्तानी भै रहेकोमा नेपाल राष्ट्र बैंकवाट बैंकको नियमावलीमा नै उल्लेख हुनु पर्ने भन्ने राय रहेकोले बित्तीय व्यवस्थापन कार्यबिधि बमोजिम संचालकहरुले भुक्तानी लिएको रकम अनुमोदन गरिदिनको लागि सभामा प्रस्तुत गर्दा सभामा उपस्थित शेयरधनीहरुले सभापतिज्यूको प्रस्तावको समर्थनमा तालि बजाएर सर्बसम्मतिवाट पारित तथा अनुमोदन गर्नु भयो । साथै, अध्यक्षको लागि चालक सहित एक सवारी साधन उपलब्ध गराउने तथा संचालकहरुको रु. ५० लाख सम्मको सामुहिक दुर्घटना बीमा गर्ने प्रस्ताव समेत पारित भयो ।

(३) तत्पश्चात, सभापतिज्यूले उल्लेखित तिनै बिशेष प्रस्तावहरु सर्वसम्मतिले पारित भएकोले बैंकको अधिकृत पूँजी रु. २ अरब पुगेको सभालाई जानकारी गराउनु भयो । त्यस्तै बैंकको शेयरधनीहरुलाई प्रति १० शेयर बराबर ६ शेयरका दरले हकप्रद शेयर जारी गर्ने बैंकको संचालक समितिले सिफारिस गरे बमोजिम हकप्रद शेयर निश्काशन गरिने र बैंकको प्रबन्धपत्र तथा नियमावलीमा शेयरधनीहरु समक्ष प्रस्ताव गरिए बमोजिम संसोधन भएको घोषणा गर्नु भयो । साथै, यस संशोधन पश्चात बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि भै रु. १ अरब ३१ करोड ४६ लाख ४२ हजार असी कायम हुन पुगेको सभामा जानकारी गराउनु भयो ।

**१३.५ सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन सम्बन्धमा :**

नवौं बार्षिक साधारण सभाको निर्धारित बिषय सूची नं. ४ बमोजिम सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना संचालकहरुको निर्वाचन प्रयोजनका लागि नियुक्त हुनु भएका निर्वाचन अधिकृत श्री कृष्ण बहादुर थापालाई निर्वाचन कार्यक्रम र परिणाम बारे सभालाई जानकारी गराई दिन सभाका सभापतिज्यूले अनुरोध गर्नु भयो ।

सभापतिज्यूको अनुरोध पछि निर्वाचन अधिकृत श्री कृष्ण बहादुर थापाले बैंकको संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना संचालकहरुको निर्वाचन प्रयोजनको लागि बैंकले वहाँलाई निर्वाचन अधिकृतमा नियुक्त गरेकोमा बैंकलाई धन्यबाद ज्ञापन गर्नु भयो र सभालाई निम्न ब्यहोरा जानकारी गराउनु भयो ।

(क) बैंकका सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रमको सूचना मिति २०६४ फाल्गुण २२ गते बैंकको प्रधान कार्यालयको सूचना पाटिमा टाँसी गरि सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको ।

(ख) प्रकाशित निर्वाचन कार्यक्रम अनुसार २०६४ फाल्गुण २२ गते बिहानको १०:०० बजे मतदाताहरुको प्रथम नामावली र २०६४ फाल्गुण २३ गते अपरान्ह ४:०० बजे मतदाताहरुको अन्तिम नामावली प्रकाशित गरिएको ।

(ग) प्रकाशित निर्वाचन कार्यक्रम अनुसार संचालकमा उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने अन्तिम म्याद मिति २०६४ फाल्गुण २४ गते अपरान्ह ४:०० बजेसम्म रहेकोमा उक्त मिति र समय भित्र निम्न शेयरधनीहरुले संचालकमा उम्मेदवारीको मनोनयन पत्र दर्ता गराउनु भएको र सोही दिन अपरान्ह ४:३० बजे उम्मेदवारहरुको प्रथम नामावली प्रकाशित गरिएको ।

(१) श्री नरेश बहादुर मल्ल ।

(२) श्री प्राणेश्वर पोखरेल ।

(घ) उम्मेदवारी उपर दाबी बिरोध गर्न मिति २०६४ फाल्गुण २५ गते अपरान्ह २:०० बजेसम्मको समयावधि दिईएकोमा उक्त मिति र समय भित्र कुनै उम्मेदवार बिरुद्ध कसैको कुनै किसिमको दाबी बिरोध पर्न नआएको ।

(ङ) उम्मेदवारले आफ्नो नाम फिर्ता लिने म्याद मिति २०६४ फाल्गुण २६ गते अपरान्ह ४:०० बजेसम्म रहेकोमा उक्त मिति र समय भित्र कुनै पनि उम्मेदवारले आफ्नो नाम फिर्ता नलिनु भएकोले मिति २०६४ फाल्गुण २६ गते अपरान्ह ४:३० बजे उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गरिएको ।

(च) बैंकको संचालक निर्वाचन कार्यबिधि निर्देशिका, २०६० को परिच्छेद ५ को दफा १३(१), बैंकको प्रवन्धपत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम संचालक पदको लागि उम्मेदवारी दिनेको संख्या निर्वाचनको माध्यमबाट पूर्ति गर्नु पर्ने संचालकको संख्या भन्दा बढि नभएकोले निम्न उम्मेदवारहरुलाई बैंकको सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने गरि संचालकमा ४ बर्षको लागि निर्बिरोध निर्वाचित भएको घोषणा गर्नु भयो ।

(१) श्री नरेश बहादुर मल्ल ।

(२) श्री प्राणेश्वर पोखरेल ।

(छ) परिणाम घोषणा पश्चात नवनिर्वाचित संचालकहरुलाई निर्वाचन अधिकृतले संचालकमा निर्बिरोध निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्नु भयो र वहाँहरुको पूर्ण सफल कार्यकालको कामनाका साथै हार्दिक बधाई ज्ञापन गर्नु भयो ।

**१३.६ नवनिर्वाचित संचालकहरुलाई बधाई तथा धन्यबाद ज्ञापन :**

सभाका सभापति श्री सूर्य बहादुर के.सी.ज्यूले निर्वाचित संचालकहरुको कार्यकालको सफलताको कामना गर्नुका साथै बधाई ज्ञापन गर्नु भयो र वहाँहरुले बैंकको प्रगतिमा उल्लेखनिय योगदान पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने बिश्वास पनि व्यक्त गर्नु भयो ।

साथै, बैंकको सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम सफलताका साथ सम्पन्न गरि दिनु भएकोमा निर्वाचन अधिकृत श्री कृष्ण बहादुर थापाज्यूलाई हार्दिक धन्यबाद ज्ञापन गर्नु भयो ।

**१३.७ बिबिध :**

यस नवौं बार्षिक साधारण सभाको निर्धारित बिषय सूची नं. ६ मा रहेको बिबिध शीर्षकमा छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको ब्यहोरा सभापतिज्यूले सभालाई जानकारी गराउनु भयो ।

**१४. धन्यबाद ज्ञापन :**

निर्वाचन अधिकृतले संचालक निर्वाचन सम्बन्धी बिबरणको जानकारी पनि सभालाई गराई सकेको र छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिए पछि सभापतिज्यूले नवौं बार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, बिचार र सुझाबहरु निकै महत्वपूर्ण रहेको र शेयरधनी महानुभावहरुले दिनु भएको रचनात्मक सल्लाह एवं सुझावहरुलाई ब्यवहारमा उतार्न प्रयत्नशील रहने प्रतिबद्धता ब्यक्त गर्नु भयो र आजको सभा

सफलतापूर्वक संचालन गर्न सहभागिता र सहयोगका साथै बैंकको काम कारवाहीमा अभिरुचि राखि बैंक संचालक समिति तथा ब्यवस्थापनलाई मार्गदर्शन एवं प्रेरणा प्रदान गरेकोमा शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्नुभयो ।

**१५. सभा बिसर्जन :**

सभाका सभापति श्री सूर्य बहादुर के.सी.ज्यूले अपरान्ह १:०० बजे नवौं बार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

..............................

श्री गोबिन्द प्रसाद शर्मा

कम्पनी सचिव

..............................

श्री सूर्य बहादुर के.सी.

अध्यक्ष, संचालक समिति

तथा नवौं साधारण सभाका सभापति ।